नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/५/०७९/८०

मिति: २०७९/०६/२७

# सूचना

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (चौथो संशोधन २०७५) लाई संशोधन गरी बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (पाँचौं संशोधन, २०७९) जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

कार्यकारी निर्देशक

# बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३

(पाँचौं संशोधन २०७९ सहित)


नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक तथा वित्तीय संस्था नियमन विभाग

# बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (ख) ✂......✂ बमोजिमको उद्देश्य कार्यान्वयन गर्न तथा सोही ऐनको दफा ७९ को उपदफा (२) बमोजिम नियमन गर्न तथा बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, ✍२०७३ को दफा ✍७० को प्रयोजनको लागि इजाजतपत्रप्राप्त संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धमा नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११० को उपदफा (२) को खण्ड ✍(ढ१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले यो विनियमावली बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो विनियमावलीको नाम "बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३" रहेको छ ।

(२) यो विनियमावली नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।[1]

२ **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा -

(क) "ऐन" भन्नाले बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, ✍२०७३ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(ग) "इजाजतपत्रप्राप्त संस्था" भन्नाले वित्तीय कारोबार गर्न बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, ✍२०७३ बमोजिम इजाजतपत्र प्राप्त गरेको बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ ।

(घ) "गाभ्ने गाभिने" भन्नाले दुई वा दुई भन्दा बढी इजाजतपत्रप्राप्त संस्थाहरुबीच आपसमा भएको सम्झौता बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी इजाजतपत्रप्राप्त संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्यलाई समेत जनाउँछ ।

(ङ) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरी लिन मन्जुर गरेको इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

(च) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने तथा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व समाप्त हुने इजाजतपत्रप्राप्त संस्था सम्झनु पर्छ ।

---

[1] नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिको मिति २०७३।०५।१८ को ३८/२०७३ औं बैठकबाट स्वीकृत भई लागू भएको ।

✂......✂ दोश्रो संशोधनद्वारा हटाइएको ।

✍ दोश्रो संशोधनद्वारा थप ।

(छ) "प्राप्ति (एक्विजिशन)" भन्नाले एउटा इजाजतपत्रप्राप्त संस्थाले अर्को इजाजतपत्रप्राप्त संस्थालाई खरिद प्रक्रियाद्वारा आफूमा समाहित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले लक्षित संस्थाले प्राप्त गर्ने संस्थामा विलय हुनु पूर्व गरेका सम्पूर्ण करारीय दायित्व स्वीकार गर्ने कार्य समेतलाई जनाउँछ ।

(ज) "प्राप्त गर्ने संस्था (एक्वायरर)" भन्नाले खण्ड (छ) बमोजिम अर्को इजाजतपत्रप्राप्त संस्थालाई आफूमा समाहित गर्ने मूल संस्था सम्झनु पर्छ ।

(झ) "लक्षित संस्था" भन्नाले खण्ड (छ) बमोजिम खरिद गरेको संस्थालाई सम्झनु पर्छ ।

(ञ) "प्राप्ति (एक्विजिशन) मा संलग्न संस्था" भन्नाले प्राप्त गर्ने संस्था (एक्वायरर) र लक्षित संस्था दुवैलाई सम्झनु पर्छ ।

(ट) "अन्य संस्था" भन्नाले यस बैङ्कबाट इजाजतपत्र प्राप्त नगरेका संगठित संस्था सम्झनु पर्छ ।

(ठ) "कर्मचारी" भन्नाले गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रयोजनका लागि निर्णय गर्न बसेको साधारणसभा हुँदाका बखत गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थामा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ड) "ऋणदाता" भन्नाले इजाजतपत्रप्राप्त संस्थालाई निक्षेप वाहेकको रकम ऋण सापटी दिने संस्था तथा व्यक्ति सम्झनु पर्छ ।

(ढ) "व्यवसाय" भन्नाले नाफा वा लाभको प्रयोजनका लागि गरिएको कुनै पनि काम कारवाही, त्यस्तो काम कारवाहीबाट प्राप्त गरिएको वा सोसँग सम्बन्धित वा सोको प्रयोजनका लागि प्रयोग गरिएको सम्पत्ति, दायित्व तथा यस्ता काम कारवाहीसँग प्राप्त अधिकार सम्झनु पर्छ ।

(ण) "सुरक्षण" भन्नाले बन्धकी वा अन्य कुनै शेयर, डिवेन्चर, विनिमयपत्र, प्रतिज्ञापत्र, जमानत, धितो वा धरौटी लगायतका सुरक्षण निश्चित वा संरचनात्मक हाइपोथिकेसन, क्षतिपूर्ति बापत तत्काल लागु गरिएका वा भविष्यमा लागु हुनसक्ने भुक्तानी, ऋण वा दायित्वको सुरक्षा दिने सम्बन्धमा गरिएका कागजात सम्झनु पर्छ ।

(त) "संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समिति" भन्नाले विनियम ५ को उप-विनियम (३) बमोजिम गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाबीच गठन भएको संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिलाई सम्झनु पर्छ ।

(थ) "शेयर स्वाप अनुपात (Share Swap Ratio)" भन्नाले गाभ्ने गाभिने वा लक्षित संस्थाका शेयरधनीहरुले आफ्नो प्रत्येक शेयर वापत पाउने गाभिएपछि कायम हुने संस्था वा प्राप्त गर्ने संस्था (एक्वायरर) को शेयर संख्यालाई सम्झनुपर्छ ।

(द) "आधार नेटवर्थ (Base Net Worth)" भन्नाले यस विनियमावलीको विनियम (८) बमोजिम नियुक्त मूल्याङ्कनकर्ताले सोही विनियमको उपविनियम (५) को खण्ड (क) बमोजिम गणना गरेको आधार नेटवर्थलाई जनाउनेछ ।

## परिच्छेद - २

## उद्देश्य, योग्यता, इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले अख्तियारी लिने, संयुक्त मर्जर समिति गठन,प्रारम्भिक निवेदन तथा सैद्धान्तिक सहमति सम्बन्धी व्यवस्था

३ **उद्देश्य** : यो विनियमावलीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) मुलुकको समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्ने ।

(ख) मुलुकको बैकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल, तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने ।

(ग) वित्तीय प्रणालीको पुँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने ।

(घ) इजाजतपत्रप्राप्त संस्थाहरुको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमताको अभिवृद्धि गरी सर्वसाधारणलाई आधुनिक, गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सुविधा प्रदान गर्न सक्ने तुल्याउने ।

(ङ) इजाजतपत्रप्राप्त संस्थाका निक्षेपकर्ता, लगानीकर्ता लगायत सरोकारवालाहरुको हित संरक्षण गर्ने ।

४ **योग्यता** : (१) राष्ट्र बैङ्कबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका संस्थाहरु एक आपसमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि योग्य हुनेछन् । “घ” वर्गका इजाजतपत्रप्राप्त संस्था सोही वर्गको अर्को संस्थासँग मात्र गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि योग्य हुनेछ ।

✍ तर, पूर्वाधार विकास बैंक र बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्न गाभिन वा प्राप्ति गर्न सक्ने छैनन् ।

(२) सर्वसाधारणमा शेयर जारी गरिसकेका वा गरिनसकेका इजाजतपत्रप्राप्त संस्थाहरु समेत एक आपसमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि योग्य मानिनेछन् । तर गाभिएर वा प्राप्ति ( एक्विजिशन) पश्चात् कायम हुने संस्थाको कूल जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणमा बिक्री वितरण नभएको अवस्थामा त्यस्तो नपुग अंश सर्वसाधारणमा जारी गर्ने व्यवस्था सम्बन्धित संस्थाले मिलाउनु पर्नेछ ।

(३) राष्ट्र बैङ्कले तोकेको न्यूनतम पूँजीकोष अनुपात पुगेका वा नपुगेका इजाजतपत्रप्राप्त संस्थाहरु एक आपसमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि योग्य हुनेछन् । तर उक्त संस्थाहरु गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् न्यूनतम पूँजीकोष अनुपात तोकिए बमोजिम हुनु पर्नेछ ।

(४) राष्ट्र बैङ्कले समस्याग्रस्त घोषणा गरेका संस्थाहरु प्राप्ति (एक्विजिशन) का लागि मात्र योग्य हुनेछन् ।

(५) इजाजतपत्रप्राप्त संस्थाले गाभ्ने गाभिने तथा प्राप्ति (एक्विजिशन) प्रक्रियालाई एकसाथ अगाडि बढाउन सक्ने छैनन् ।

(६) संस्थागत सुशासन तथा जोखिम व्यवस्थापन सम्बन्धमा दिइएका निर्देशनहरुको पालना नभएको कारण वित्तीय प्रणालीमा पर्न सक्ने असर तथा गाभ्दा/गाभिंदा वा प्राप्ति (एक्विजिशन) पश्चात् कायम रहने सञ्चित नाफा/नोक्सानीको अवस्था समेतलाई मध्यनजर गरी राष्ट्र बैङ्कले कुनै पनि इजाजतपत्रप्राप्त संस्थालाई गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि अयोग्य मान्न सक्नेछ ।

---

✍ दोश्रो संशोधनद्वारा थप ।

५ **इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले अख्तियारी लिने तथा संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समिति गठन गर्ने :** (१) विनियम ४ को उपविनियम (१), (२), (३) तथा (४) बमोजिम योग्य इजाजतपत्रप्राप्त संस्थाले ऐनमा तोकिएका प्रक्रिया पूरा गरी अर्को इजाजतपत्रप्राप्त संस्थासँग गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) गर्न चाहेमा सो कार्य अगाडि बढाउन पछिल्लो दुई आर्थिक वर्षभित्र सम्पन्न साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सञ्चालक समितिले अख्तियारी प्राप्त गर्नु पर्नेछ । तर विशेष परिस्थिति सृजना भएको अवस्थामा संस्थाको आगामी साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिले गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) को प्रक्रियालाई अगाडि बढाउन सक्नेछ ।

(२) उप-विनियम (१) बमोजिम अख्तियारी प्राप्त सञ्चालक समितिले उपयुक्त संस्था पहिचान तथा छनौट गरी गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्य अगाडि बढाउन कम्तीमा देहायका विषयहरु खुल्ने गरी सो संस्थासँग प्रारम्भिक समझदारी (MOU) गर्नु पर्नेछ ।

(क) वार्षिक वा विशेष साधारण सभा र सञ्चालक समितिको गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धी निर्णय ।

(ख) गाभिएपछि वा प्राप्ति (एक्विजिशन) पछि कायम रहने संस्थाको नाम, ठेगाना, इजाजतपत्रको वर्ग तथा कार्यक्षेत्र ।

(ग) संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिको गठन तथा कार्यहरु ।

(घ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्यमा लाग्ने अनुमानित लागत, सो को बाँडफाँट तथा खर्च गर्ने प्रक्रिया ।

(ङ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न गर्ने समयबद्ध कार्यतालिका ।

(च) कर्मचारीको सेवा, सुविधा तथा पदमिलान गर्ने प्रक्रियाका सम्बन्धमा भएका समझदारी ।

(छ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न नभएसम्म कर्मचारी व्यवस्थापन सम्बन्धमा लिइने निर्णय प्रक्रिया ।

(ज) गाभ्ने गाभिने वा लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ताको नियुक्ती सम्बन्धी व्यवस्था ।

(झ) अन्य विषयहरुमा भएको समझदारी ।

(३) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुले देहाय बमोजिम एक संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समिति (Joint Merger or Acquisition Committee) गठन गर्नु पर्नेछ ।

(क) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाका सञ्चालकहरु मध्येबाट कम्तीमा एकजना र बढीमा ३ जनासम्म सदस्य तोक्नु पर्नेछ ।

(ख) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाका सञ्चालक समितिका अध्यक्ष वा लेखापरीक्षण समितिका संयोजक ✂……✂ रहेका सञ्चालक सदस्य तोकिने छैन ।

(ग) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाका सञ्चालक आफ्नो कार्यकाल अवधिसम्म सदस्य रहनेछन् ।

---

✂……✂ प्रथम संशोधनद्वारा हटाइएको ।

(४) उप-विनियम (३) बमोजिम गठन गरिएको संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिले आफ्नो कार्यहरु समयबद्ध तथा मितव्ययी ढङ्गले गर्नु पर्नेछ । समितिका पदाधिकारीहरु आफ्नो कार्यका लागि आ- आफ्नो संस्था प्रति व्यक्तिगत तथा सामूहिक रुपले जिम्मेवार रहने छन् । समितिको बैठकमा गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाका प्रमुख कार्यकारी अधिकृत वा कुनै विज्ञ व्यक्तिलाई आवश्यकतानुसार राय सुझावका लागि आमन्त्रित गर्न सकिनेछ ।

६ **प्रारम्भिक निवेदन तथा छलफल** : (१) विनियम (५) को उप-विनियम (२) बमोजिम प्रारम्भिक समझदारी गरेका इजाजतपत्रप्राप्त संस्थाहरुबाट अख्तियार प्राप्त अधिकारीहरुले संयुक्त रुपमा गाभ्न गाभिनका लागि अनुसूची-१ वा प्राप्ति (एक्विजिशन) का लागि अनुसूची-२ बमोजिमको ढाँचामा राष्ट्र बैङ्क समक्ष निवेदन दिनु पर्नेछ । ✍सो निवेदनका साथ सम्बन्धित दुई वा सो भन्दा बढी बैंक वा वित्तीय संस्थाले आ-आफ्नो साधारण सभाको विशेष प्रस्ताव बमोजिम आ-आफ्नो सञ्चालक समितिबाट निर्णय गरी ✂......✂ सैद्धान्तिक सहमतिका लागि देहायका विषय खुलाई राष्ट्र बैंकमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछ :-

✍(क) बैंक वा वित्तीय संस्था गाभ्ने/गाभिने वा प्राप्तिको आवश्यकता तथा औचित्य, सोबाट बैंकिङ्ग तथा वित्तीय क्षेत्र र वित्तीय प्रणालीमा पर्ने असरको सामान्य प्रक्षेपण,

✍(ख) गाभ्ने/गाभिने वा मूल संस्था तथा लक्षित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

✍(ग) गाभ्ने/गाभिने वा मूल संस्था तथा लक्षित संस्थाका कर्मचारीको व्यवस्थापनको विवरण,

✍(घ) प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानून बमोजिमको स्वीकृति प्रक्रिया,

✍(ङ) बैंक वा वित्तीय संस्थाहरुले गाभ्ने/गाभिने वा प्राप्ति सम्बन्धमा गरेको प्रारम्भिक सम्झौतापत्र,

✍(च) राष्ट्र बैंकले तोके बमोजिमका अन्य विषय ।

✍(१क) तर, गाभ्ने वा गाभिने बैक वा वित्तीय संस्थाहरुले देहायका थप कागजातहरु पेश गर्नुपर्ने छ ।

✍(क) गाभ्ने वा गाभिने बैंक वा वित्तीय संस्थाले कर्जा लिएका साहुहरुको (गाभ्न गाभिनको लागि प्रदान गरिएको सहमति पत्र) हित सुरक्षार्थ गरिएको व्यवस्था,

✍(ख) गाभिने बैंक वा वित्तीय संस्थाको चल अचल सम्पत्ति र दायित्वको भुक्तानी अवधि सहितको यथार्थ विवरण,

(२) उप-विनियम (१) बमोजिमको निवेदन र माग गरिएका थप कागजात प्राप्त भएपछि आवश्यकता अनुसार राष्ट्र बैङ्कले निवेदकहरुसँग छुट्टाछुट्टै वा सामुहिक रुपले छलफल गर्न सक्नेछ ।

(३) उप-विनियम (१) बमोजिमको निवेदन फिर्ता लिन चाहेमा सोको लिखित जानकारी दिई निवेदकहरुले फिर्ता लिन सक्नेछन् । तर उप-विनियम (२) बमोजिम सबै निवेदकहरुसँग छलफल भइसकेको अवस्थामा मनासीव कारण भएमा मात्र स्वीकृति लिएर फिर्ता लिन सक्नेछन् ।

---

✍ दोश्रो संशोधनद्वारा थप ।

✂......✂ पाँचौ संशोधनद्वारा हटाइएको ।

७ **सैद्धान्तिक सहमति :** (१) विनियम ६ को उप-विनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि राष्ट्र बैङ्कले ऐनको दफा ६९ तथा यस विनियमावली बमोजिमको प्रक्रिया पुरा गर्ने शर्त र संस्था गाभ्दा गाभिदा वा प्राप्ति (एक्विजिशन) गर्दा मुलुकको बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास, स्वच्छ प्रतिस्पर्धा तथा कानुनको पालनामा कुनै पनि किसिमको नकारात्मक असर पर्ने छैन भन्ने कुरामा आफू विश्वस्त भएमा गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) को प्रक्रिया अगाडि बढाउन शर्तहरु सहित सैद्धान्तिक सहमति प्रदान गर्न सक्नेछ ।

(२) उप विनियम (१) बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका संस्थाहरुले गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियालाई मनासीव कारण सहित राष्ट्र बैङ्कको स्वीकृति नलिई आफूखुशी भंग गरी त्यस्तो प्रक्रियाबाट अलग भएको निर्णय गर्न सक्ने छैनन् ।

(३) उप विनियम (१) बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका संस्थाहरुबाट गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियाबाट अलग हुन मनासीव माफिकको कारण खुलाई सञ्चालक समितिको निर्णय तथा संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिको सहमति सहित निवेदन पेश हुन आएमा राष्ट्र बैङ्कले सैद्धान्तिक सहमति रद्द गरिदिन सक्नेछ । तर सो संस्थाहरुमध्ये केही संस्थाहरु एक आपसमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सहमत भएको अवस्थामा राष्ट्र बैङ्कले औचित्यता हेरी ती संस्थाहरुको लागि मात्र सैद्धान्तिक सहमति कायम राख्न सक्नेछ ।

## परिच्छेद - ३

## सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन, शेयर स्वाप अनुपातमा सहमति, अन्तिम सम्झौता तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

८ **सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन :** (१) यस विनियमावली बमोजिम गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्राप्त गरेपछि मूल्याङ्कनकर्ताबाट गाभ्ने गाभिने वा लक्षित संस्थाहरुको सम्पत्ति, दायित्व तथा कारोवारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ । राष्ट्र बैङ्कले आवश्यक ठानेमा थप अवधिको मूल्याङ्कनका लागि समेत निर्देशन दिन सक्नेछ । तर सो संस्थाहरुले सैद्धान्तिक सहमतिका लागि राष्ट्र बैङ्कमा निवेदन दिनु पूर्व सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन गराउन सक्नेछन् ।

✍(२) विनियम (७) बमोजिम बैंक वा वित्तीय संस्था गाभ्ने वा गाभिने सैद्धान्तिक सहमति प्राप्त गरेपछि त्यस्ता बैंक वा वित्तीय संस्थाहरुले आ-आफ्नो सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न कम्तीमा बैंकको लेखापरीक्षण गर्न योग्य रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई आपसी सहमतिमा मूल्याङ्कनकर्ता नियुक्ति गरी सोको जानकारी राष्ट्र बैंकलाई दिनु पर्नेछ ।

तर बैंक वा वित्तीय संस्थाले त्यस्तो मूल्यांकन राष्ट्र बैंकमा निवेदन दिनु पूर्व नै गर्न सक्नेछन् ।

✍(२क) विनियम (७) बमोजिम बैंक वा वित्तीय संस्था प्राप्ति गर्न सैद्धान्तिक सहमति प्राप्त गरेपछि लक्षित संस्थाले आफ्नो सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो मूल्याङ्कन गर्न आफ्नो साधारण सभाबाट नियुक्त गरिएको वा साधारण सभाको अख्तियारी बमोजिम सञ्चालक समितिले नियुक्त गरेको लेखापरीक्षकबाट सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो अवधिको मूल्याङ्कन गराउनु पर्नेछ ।

✍(२ख) प्राप्त गर्ने संस्थाले लक्षित संस्थाको सम्पत्ति तथा दायित्वको विस्तृत मूल्याङ्कन गराउन सक्नेछ ।

---

✍ दोश्रो संशोधनद्वारा थप ।

✍(२ग) उप-विनियम (२) वा (३) बमोजिम नियुक्ति भएको मूल्याङ्कनकर्ताको काम कारबाही विश्वसनीय नलागेमा राष्ट्र बैंकले निजलाई हटाई अर्को मूल्याङ्कनकर्ताको नियुक्ति गर्न सम्बन्धित बैंक वा वित्तीय संस्थालाई आदेश दिन सक्नेछ ।

(३) उप-विनियम (२) ✍र (२क) बमोजिम नियुक्त फर्मले देहाय बमोजिमका आधारमा सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन कार्य सम्पन्न गरी स्वीकार्य ढाँचामा मूल्याङ्कन प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ ।

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित मान्यता, आधार, मापदण्ड तथा राष्ट्र बैङ्कले तोकेका शर्तहरुको पालना गर्नु पर्नेछ ।

(ख) सम्बन्धित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारमा निहीत जोखिमहरुको पहिचान गरी सो को लागि उचित व्यवस्था (Provisioning) गर्नु पर्नेछ ।

(ग) सबै संस्थाहरुको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन समान सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

(घ) सम्पत्तिको मुल्याङ्कन प्रचलित बजार मुल्य (Fair Market Value) मा गर्नु पर्नेछ । तर घरजग्गा, जमिन, सवारी साधन, मेशीनरीको हकमा सम्बन्धित व्यवसायिक विज्ञहरुको मूल्याङ्कन प्रतिवेदनलाई आधार लिनु पर्नेछ ।

(ङ) सम्पत्ति, दायित्व तथा कारोवारको कितावी मुल्य (Book Value), समायोजित रकम (Adjusted Amount) सहितको प्रचलित बजार मूल्य (Fair Market Value) खुल्ने विवरण तथा समायोजनका आधारहरु (Basis of Adjustment) स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

(च) सम्पत्ति मूल्याङ्कन गर्ने प्रयोजनका लागि ख्याति (Goodwill) लाई समावेश गर्न पाइने छैन ।

(४) उप-विनियम (३) बमोजिमको प्रतिवेदनको छुट्टै खण्डमा मूल्याङ्कनकर्ताले गाभ्ने गाभिने वा लक्षित संस्थासँग सम्बन्धित देहाय बमोजिमका विषयहरुमा किटानी राय पेश गर्नु पर्नेछ र गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्यबाट सो विषयहरुमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गर्नु पर्नेछ :-

(क) पूँजी पर्याप्तता,

(ख) नेटवर्थ,

(ग) निक्षेपको वर्गीकरण तथा संरचना

(घ) कर्जाको वर्गीकरण तथा गुणस्तर

(ङ) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

(च) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(छ) तरलता विवरण,

(ज) जनशक्ति व्यवस्थापन,

(झ) सूचना प्रविधि,

(ञ) व्यवसायको बजार अंश,

---

✍ दोश्रो संशोधनद्वारा थप ।

(ट) शेयर स्वाप अनुपात (Share Swap Ratio),

(ठ) शेयरको बजारमूल्य,

(ड) शाखा सञ्जाल (Branch Network),

(ढ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाको पछिल्लो पाँच आर्थिक वर्षको प्रमुख वित्तीय परिसूचकहरु र गाभिएर वा प्राप्ति (एक्विजिशन) पछिको पाँच बर्षको प्रक्षेपित वित्तीय कारोबार तथा स्थिति, र

(ण) माथि उल्लेखित प्रभाव विश्लेषणको आधारमा सुधारका लागि अवलम्बन गर्नु पर्ने उपायहरु ।

(५) उप-विनियम (३) बमोजिमको प्रतिवेदनको छुट्टै खण्डमा मूल्याङ्कनकर्ताले निम्न शर्त तथा मापदण्डहरुका आधारमा शेयर स्वाप अनुपात (Share Swap Ratio) गणना गरी सुझाव पेश गर्नु पर्नेछ ।

(क) गाभ्ने गाभिने संस्थाहरुको गणना गरिएको समायोजित खुद सम्पत्ति (Adjusted Net Worth) लाई ७५ प्रतिशत, व्यवसायिक मूल्याङ्कन (Business Valuation) लाई २० प्रतिशत र नेपाल धितोपत्र विनिमय बजार लिमिटेडबाट प्रकाशित पछिल्लो १८० दिनको औसत कारोबार मूल्यको आधारमा तय हुने रकमलाई ५ प्रतिशत भाराङ्क दिई आधार नेटवर्थ (Base Net Worth) गणना गर्नु पर्नेछ ।

उदाहरणका लागि कुनै “क बैङ्क” को मूल्याङ्कन प्रतिवेदन अनुसार खुद सम्पत्ति रु.४.०० अर्ब, व्यवसायिक मूल्याङ्कन रु.१.८८ अर्ब र पछिल्लो १८० दिनको औसत कारोबार मूल्यका आधारमा बजार पूँजीकरण रकम रु.८ अर्ब छ भने उल्लेखित रकमलाई क्रमशः ७५, २० र ५ प्रतिशत भाराङ्क दिई गणना गर्दा आधार नेटवर्थ (BaseNetWorth) निम्नानुसार रु.३.७८ अर्ब हुन्छ ।

(रकम रु. अर्बमा र भारांक अनुपातमा)

| **गणनाका आधारहरु** | **रकम** | **भारांक** | **कूल रकम** |
|---|---|---|---|
| खुद सम्पत्ति | ४.०० | ०.७५ | ३.०० |
| व्यवसायिक मूल्याङ्कन | १.८८ | ०.२० | ०.३८ |
| बजार पूँजीकरण | ८.०० | ०.०५ | ०.४० |
| मूल्याङ्कनकर्ताले गणना गर्ने आधार नेटवर्थ | | | ३.७८ |

यस खण्डको प्रयोजनका लागि व्यवसायिक मूल्याङ्कन (Business Valuation) भन्नाले इजाजतपत्रप्राप्त संस्थाको वर्तमान पूँजी, जनशक्ति, निक्षेपको स्थिति, कर्जाको गुणस्तर, मुनाफा, शाखा सञ्जाल लगायतका आधारमा आगामी १० बर्षको लागि व्यवसायको खुद मुनाफा प्रक्षेपण गरी अन्तिम शेष मूल्य (Final Residual Value) समेत समावेश गरी वर्तमान Discounting Factor ले डिस्काउण्ट गरी गणना गरिएको कूल वर्तमान मूल्यलाई जनाउनेछ ।

उदाहरणका लागि आगामी १० बर्षको लागि प्रक्षेपित व्यवसायिकको खुद मुनाफा प्रतिबर्ष रु.०.२० अर्ब, अन्तिम शेष मूल्य रु.१.५ अर्ब र Discounting Factor १० प्रतिशत रहेको अवस्थामा व्यवसायिक मूल्याङ्कन रकम गणना गर्दा निम्नानुसार रु.१.८१ अर्ब हुन आउँछ ।

(मुनाफा तथा वर्तमान मूल्य रु. अर्बमा र डिस्काउण्टर दर प्रति बर्ष १० प्रतिशतले)

| बर्ष | मुनाफा | डिस्काउण्ट दर | वर्तमान मूल्य |
|---|---|---|---|
| १ | ०.२० | ०.९१ | ०.१८ |
| २ | ०.२० | ०.८३ | ०.१७ |
| ३ | ०.२० | ०.७५ | ०.१५ |
| ४ | ०.२० | ०.६८ | ०.१४ |
| ५ | ०.२० | ०.६२ | ०.१२ |
| ६ | ०.२० | ०.५६ | ०.११ |
| ७ | ०.२० | ०.५१ | ०.१० |
| ८ | ०.२० | ०.४७ | ०.०९ |
| ९ | ०.२० | ०.४२ | ०.०८ |
| १० | ०.२० | ०.३९ | ०.०८ |
| १० | १.५०* | ०.३९ | ०.५८ |
| कूल वर्तमान मूल्य | | | १.८१ |

* शेष मूल्य

(ख) खण्ड (क) मा गणना गरिएको आधार नेटवर्थ (Base Net Worth) को आधारमा प्रति शेयर आधार नेटवर्थ गणना गर्नु पर्नेछ । यसरी गणना गरिएको प्रति शेयर आधार नेटवर्थमध्ये गाभ्ने वा गाभिने जुन संस्थाको बढी छ, सोलाई १ बराबर मानी बाँकी संस्थाहरुको हिसाब गरी शेयर स्वाप अनुपात गणना गर्नु पर्नेछ ।

उदाहरणका लागि "क बैङ्क" र "ख बैङ्क" को आधार नेटवर्थ क्रमशः रु.३.७८ अर्ब तथा रु.१.७० अर्ब र चुक्ता शेयर कित्ता क्रमशः १,००,००,००० तथा ५०,००,००० छ भने निम्नानुसार प्रति शेयर आधार नेटवर्थ क्रमशः रु.३७८ तथा ३४० र शेयर स्वाप अनुपात १ : ०.८९९५ हुने देखिन्छ ।

| बिषय | क बैङ्क | ख बैङ्क |
|---|---|---|
| आधार नेटवर्थ | रु. ३.७८ अर्ब | रु. १.७० अर्ब |
| शेयर कित्ता | १,००,००,००० | ५०,००,००० |
| प्रति शेयर आधार नेटवर्थ | रु.३७८ | रु.३४० |
| शेयर स्वाप अनुपात | १.०० | ०.८९९५ |

यसरी मूल्याङ्कनकर्ताले आफ्नो प्रतिवेदनमा "क बैङ्क" र "ख बैङ्क" बीचको शेयर स्वाप अनुपात (Share Swap Ratio) १ : ०.८९९५ हुने सिफारिश गर्नु पर्नेछ ।

ग) लक्षित संस्थाका शेयरधनीहरुलाई प्राप्त गर्ने संस्था (एक्वायरर) को शेयरमा वा नगदमा भुक्तानी दिन तय हुने मूल्य सिफारिश गर्दा मूल्याङ्कनकर्ताले लक्षित संस्थाको समायोजित खुद सम्पत्ति (Adjusted Net Worth) र प्राप्त गर्ने संस्था (एक्वायर) को समेत उपयुक्त विधिबाट खुद सम्पत्ति पुनःमूल्याङ्कन गरी सोलाई आधार नेटवर्थको रुपमा लिई विनियम ८ को खण्ड (ख) मा तोकिएको विधिबाट मूल्य तय गर्नु पर्नेछ ।

९ **<u>शेयर स्वाप अनुपात (Share Swap Ratio) कायम गर्ने</u>** : विनियम ८ बमोजिमको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेपछि संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिले देहाय बमोजिम शेयर स्वाप अनुपात (Share Swap Ratio) कायम गर्नु पर्नेछ ।

(क) विनियम ८ बमोजिमको मूल्याङ्कन प्रतिवेदनमा सिफारिश गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) लाई यथावत स्वीकार गर्न सकिनेछ । तर व्यवसायको प्रतिष्ठा, कर्मचारीको योग्यता, बजार उपस्थिति, मुनाफाको इतिहास, पछिल्लो बजार मूल्य, इजाजतपत्रको वर्ग लगायतका आधारमा संयुक्त मर्जर समितिले मूल्याङ्कनकर्ताले सिफारिश गरेको गाभ्ने गाभिने संस्थाहरुको शेयर स्वाप अनुपात (Share Swap Ratio) वा लक्षित संस्थालाई दिइने नगद वा शेयर अनुपातको पुनर्गणना गर्न चाहेमा विनियम ८ बमोजिमको मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गरिएको समायोजित आधार नेटवर्थ बमोजिम विनियम ८ को खण्ड (ख) मा उल्लेखित विधि अनुसार संशोधित शेयर स्वाप अनुपात (Revised Share Swap Ratio) गणना गर्न सकिनेछ । उदाहरणका लागि विनियम ८ को उप-विनियम (५) को खण्ड (क) मा “क बैङ्क” को उल्लेखित आधार नेटवर्थमा बढीमा १० प्रतिशतसम्म थपघट गरी समायोजित आधार नेटवर्थ (Revised Base Networth) गणना गर्न सकिनेछ ।

(रकम रु. अर्बमा र भारांक अनुपातमा)

| **गणनाका आधारहरु** | **रकम** | **भारांक** | **कूल रकम** |
|---|---|---|---|
| खुद सम्पत्ति | ४.०० | ०.७५ | ३.०० |
| व्यवसायिक मूल्याङ्कन | १.८८ | ०.२० | ०.३८ |
| बजार पूँजीकरण | ८.०० | ०.०५ | ०.४० |
| **मूल्याङ्कनकर्ताले गणना गर्ने आधार नेटवर्थ** | | | ३.७८ |
| खुद सम्पत्तिको १० प्रतिशत थप (४.०० × १० प्रतिशत) | | | ०.४० |
| **समायोजित आधार नेटवर्थ (Revised Base Networth)** | | | ४.१८ |

यसैगरी “ख बैङ्क” को आधार नेटवर्थमा पनि १० प्रतिशत थप गरी समायोजित आधार नेटवर्थ (Revised Base Networth) रु.१.८० अर्ब गणना भएमा दुई संस्थाको शेयर स्वाप अनुपात निम्नानुसार पुनर्गणना हुने देखिन्छ ।

| **बिषय** | **क बैङ्क** | **ख बैङ्क** |
|---|---|---|
| पुनर्गणना गरिएको आधार नेटवर्थ | रु. ४.१८ अर्ब | रु. १.८० अर्ब |
| शेयर कित्ता | १,००,००,००० | ५०,००,००० |
| समायोजित प्रति शेयर आधार नेटवर्थ | रु.४१८ | रु.३६० |
| शेयर स्वाप अनुपात | १.०० | ०.८६१२ |

(ख) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको चुक्ता पूँजीको कुल योग भन्दा गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् कायम हुने संस्थाको चुक्ता पूँजी कम हुने भएमा चुक्ता पूँजीमा फरक हुन आउने रकम (बचत) लाई पूँजीगत जगेडा कोष वा मर्जर/एक्विजिशन रिजर्भमा लेखाङ्कन गर्नु पर्नेछ । यस्तो रकमबाट शेयरधनीहरुलाई नगद लाभांश बाँड्न पाइने छैन ।

उदाहरणका लागि मर्जरको सन्दर्भमा संयुक्त मर्जर समितिले मूल्याङ्कनकर्ताले सिफारिश गरेको शेयर स्वाप अनुपातमा सहमति कायम गरेमा पूँजीगत जगेडा कोष/मर्जर रिजर्भमा लेखाङ्कन हुने बचत रकम निम्नानुसार गणना हुनेछ ।

| बिषय | | क बैङ्क | ख बैङ्क |
|---|---|---|---|
| शेयर कित्ता | क | १,००,००,००० | ५०,००,००० |
| शेयर स्वाप अनुपात | ख | १.०० | ०.८९९५ |
| गाभिएर प्राप्त हुने शेयर कित्ता | ग = क × ख | १,००,००,००० | ४४,९७,५०० |
| फरक शेयर कित्ता | घ = क - ग | ० | ५,०२,५०० |
| गणना हुने फरक रकम (वचत) | घ × १०० | ० | रु. ५,०२,५०,००० |
| जम्मा बचत रकम | (क बैङ्क + ख बैङ्क) | | रु. ५,०२,५०,००० |

(ग) लक्षित संस्थाको प्रति इकाई शेयरलाई प्राप्त गर्ने संस्था (एक्वायरर) को ईकाई भन्दा बढी शेयर भुक्तानी दिने गरी शेयर स्वाप अनुपात तय गरिएमा सोलाई सञ्चित मुनाफाले खाम्ने हुनु पर्नेछ र सो सञ्चित मुनाफा खर्च गरेर मात्र भुक्तानी दिन सकिनेछ ।

(घ) संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिले शेयर स्वाप अनुपात सम्बन्धमा निर्णय लिंदा साना लगानीकर्ताहरुको हित (Minority Interest) लाई समेत मध्येनजर गर्नु पर्नेछ ।

(ङ) ✍माथि जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी शेयर स्वामित्व रहेका बैंक/वित्तीय संस्थाहरु आपसमा गाभ्दा/गाभिंदा वा प्राप्ति गर्दा सम्बन्धित संस्थाले निर्णय गरे बमोजिम शेयर स्वाप अनुपात गणना गर्न वाधा पर्ने छैन ।

१० **<u>अन्तिम सम्झौता</u>** : यस विनियमावली बमोजिम गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्राप्त गरेका इजाजतपत्रप्राप्त संस्थाहरुले सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन प्राप्त गरे पश्चात् देहायका कुराहरु खुल्ने गरी एक आपसमा अन्तिम सम्झौता सम्पन्न गर्नु पर्नेछ :-

(क) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र, गाभिएर वा प्राप्ति (एक्विजिशन) पछि रहने नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र,

(ख) गाभ्नु गाभिनु वा प्राप्ति (एक्विजिशन) को आवश्यकता र औचित्य,

(ग) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) ले बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा पार्ने असर,

(घ) ✍लगानी तथा कारोबारको व्यवस्थापन, अन्तरसंस्था स्वामित्व तथा अन्तरसंस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण, गैर बैंकिङ्ग कारोबारको व्यवस्थापन, सम्पत्ति र दायित्वको उचित व्यवस्थापन,

(ङ) ✍निक्षेपकर्ता, सर्वसाधारण शेयरधनी र अन्य ऋणदाताहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(च) इजाजतपत्रप्राप्त संस्थाको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबारको व्यवस्थापन,

(छ) इजाजतपत्रप्राप्त संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति, सम्पत्ति/दायित्वको हिसाब मिलान गरी लेनदेनका लागि स्वीकार भएको मूल्य,

ज) संयुक्त लगानीका वैदेशिक लगानीकर्ता रहेको हकमा सो लगानीकर्ता संस्थाको सहमति पत्र,

---

✍ दोश्रो संशोधनद्वारा थप ।

(झ) गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) गर्न लाग्ने अनुमानित समयावधि,

(ञ) गाभ्ने वा प्राप्त गर्ने संस्था (एक्वायरर) को प्रबन्धपत्र तथा नियमावलीमा गर्ने संशोधन, नयाँ इजाजतपत्रप्राप्त संस्थाका रुपमा परिणत हुने भए सो संस्थाको प्रबन्धपत्र तथा नियमावलीको व्यवस्था,

(ट) गाभिएपछि वा प्राप्ति (एक्विजिशन) पछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन, स्वामित्व संरचना तथा गाभिएर वा प्राप्ति (एक्विजिशन) पछि कायम रहने संस्थामा तत्काल गठन हुने सञ्चालक समितिको विवरण, ✍सञ्चालन तथा व्यवस्थापन संरचना,

(ठ) गाभिएर वा प्राप्ति (एक्विजिशन) पछि कायम रहने संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी तयार गरिएको कर्मचारी कटौती योजना, जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

(ड) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको प्रति शेयर बजार मूल्य, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन अनुसारको प्रति शेयर नेटवर्थ, मूल्याङ्कन प्रतिवेदनमा सिफारिश गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) र आपसी सहमतिमा तय गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) तथा सोका आधारहरु,

(ढ) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धता,

(ण) प्रचलित कम्पनी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(त) प्रचलित धितोपत्र विनिमय बजारसँग सम्बन्धित कानून पालनाका लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(थ) संस्थागत पुनर्संरचना, एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(द) गाभिएपछि वा प्राप्ति (एक्विजिशन) पछि एकीकृत कारोवार शुरु गर्ने मिति सहितको प्रस्तावित कार्ययोजना,

(ध) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्यको अनुमानित लागत रकम,

(न) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

(प) ✍उल्लेख्य स्वामित्व भएका शेयरधनी तथा अन्य शेयरधनीहरुको विवरण,

(फ) ✍विदेशी बैंक वा वित्तीय संस्थाको हकमा सम्बन्धित नियमनकारी निकायको सहमति पत्र,

(ब) ✍विदेशी बैंक वा वित्तीय संस्थाको हकमा नेपालमा रहेको बैंक वा वित्तीय संस्थाको व्यवसाय प्राप्ति गर्ने वा त्यस्तो बैंक वा वित्तीय संस्थाको सम्पूर्ण व्यवसाय नेपालमा बिक्री गर्ने भए सो विषय,

(भ) ✍सरोकारवालाको गुनासो व्यवस्थापन पद्धति,

(म) ✍राष्ट्र बैङ्कले तोकेका अन्य आवश्यक विषयहरु ।

**११ अन्तिम स्वीकृति :** ✍(१) गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रक्रिया अगाडि बढाउन सैद्धान्तिक सहमति पाएका बैंक वा वित्तीय संस्थाले आ-आफ्नो साधारण सभाबाट सो सम्बन्धी विशेष प्रस्ताव पारित गरीगाभ्ने/गाभिने वा प्राप्ति गर्ने कार्यको अन्तिम स्वीकृतिको निमित्त विनियम १० बमोजिमको सम्झौता सहित देहायका थप कागजात संलग्न गरी संयुक्त रुपमा राष्ट्र बैंक समक्ष निवेदन दिनु पर्नेछ ।

---

✍ दोश्रो संशोधनद्वारा थप

(क) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

ख) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धमा भएको सम्झौता-पत्र, गाभ्ने र गाभिने संस्थाको साधारण सभा, सञ्चालक समिति तथा संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिबाट गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) का बिषयमा भएका निर्णय,

(ग) गाभ्ने गाभिने वा लक्षित संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्याङ्कनकर्ताको प्रतिवेदन,

(घ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको नाम, ठेगाना र सो संस्थाको शेयर अनुपात निर्धारण सम्बन्धी निर्णयको प्रतिलिपि,

ङ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना तथा गाभिएपछि वा प्राप्ति (एक्विजिशन) पछि एकीकृत कारोबार शुरु गर्ने मिति समेत खुलेको कार्यतालिका,

(च) शाखा कार्यालय समायोजन सम्बन्धी योजना तथा विवरण,

(छ) कर्मचारी समायोजन सम्बन्धी योजना तथा विवरण,

(ज) गाभिएपछि वा प्राप्ति (एक्विजिशन) पछिको पूँजी/व्यवसायिक योजना, र

(झ) राष्ट्र बैङ्कले तोकेका अन्य कागजात तथा विवरण ।

(२) उप विनियम (१) बमोजिमको निवेदन उपर राष्ट्र बैङ्कले प्रक्रिया अगाडि बढाउनु अघि थप विवरण तथा कागजात आवश्यक भएमा निवेदक संस्थालाई लिखित सूचना दिई पेश गर्न लगाउन सक्नेछ र त्यस्तो संस्थाले राष्ट्र बैङ्कले माग गरेको थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उप विनियम (१) बमोजिमको निवेदन परेमा राष्ट्र बैङ्कले उक्त निवेदन, सोसँग संलग्न कागजात तथा विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र र निर्णयकै सिलसिलामा राष्ट्र बैङ्कले कुनै विवरण वा कागजात मागेको अवस्थामा थप पन्ध्र दिनभित्र इजाजतत्रप्राप्त संस्थाहरुलाई एक आपसमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संस्थाहरुलाई दिनेछ ।

(४) उप विनियम (३) बमोजिम निर्णय लिंदा राष्ट्र बैङ्कले इजाजतपत्रप्राप्त संस्थासँग गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धमा परेको निवेदन उपरको छलफल, सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन, तोकिएका आवश्यक शर्तहरु पालनाको स्थिति, आपसी सम्झौता विवरण, तथा सोबाट पर्ने प्रभावको विस्तृत अध्ययन गर्दा नेपालको बैंकिङ्ग तथा वित्तीय संरचना, बजार तथा बचतकर्ताहरुलाई नकारात्मक असर नपर्ने देखिएमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) को अन्तिम स्वीकृति दिन सक्नेछ । यसरी स्वीकृति दिंदा आवश्यक देखिएको बिषयहरुमा संशोधन गर्न लगाउन वा शर्तहरु तोक्न सक्नेछ ।

(५) दुई वा सोभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाहरु गाभ्दा वा गाभिंदा वा एक संस्थाले अर्को संस्थालाई प्राप्ति (एक्विजिशन) गर्दा सोबाट बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना हुने वा कुनै संस्थाको एकाधिकार वा नियन्त्रित अभ्यास कायम हुन सक्ने सम्भावना देखिएमा वा

प्रचलित कानून बमोजिम कुनै निकायबाट स्वीकृति वा सहमति लिनु पर्नेमा सो प्राप्त गर्न नसकेमा राष्ट्र बैङ्कले सोको कारण खोली त्यस्ता संस्थालाई गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) को लागि दिएको सैद्धान्तिक सहमति खारेज समेत गर्न सक्नेछ ।

६) यस विनियमावली बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र इजाजतपत्रप्राप्त संस्था वा सोको अख्तियारवाला व्यक्तिले तोकेको वा थप म्याद प्रदान गरेको समयावधिभित्र उपलब्ध नगराएमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) को लागि दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन । तर पुनः दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(७) राष्ट्र बैङ्कले कुनै संस्था गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धमा गरेको निर्णय तथा गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् कारोवार थालनी गर्ने मिति खुलेको ब्यहोरा सर्वसाधारणको जानकारीका लागि निर्णय भएको तीस दिनभित्र राष्ट्रियस्तरको दैनिक पत्रिकामा बढीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना सम्बन्धित संस्थाले समेत सो सम्बन्धमा निर्णय प्राप्त गरेको मितिले ☝पन्ध्र दिनभित्र सर्वसाधारणको जानकारीका लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुई पटक प्रकाशन गर्नु पर्नेछ ।

१२ **स्वीकृति पश्चातका कार्य तथा शर्तहरु** : (१) ऐन तथा यस विनियमावली बमोजिम गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) को अन्तिम स्वीकृति प्राप्त गरेपछि गाभ्ने वा प्राप्त गर्ने संस्था (एक्वायरर) ले पुँजी, शेयर स्वामित्वको संरचनामा हुने परिवर्तन लगायत अन्य बिषयहरुमा भएको निर्णय बमोजिम आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधनका लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(२) राष्ट्र बैङ्कले ऐन तथा यस विनियमावली बमोजिम गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) को लागि स्वीकृति दिएमा तथा प्रचलित कानून बमोजिम कुनै निकायबाट लिनुपर्ने स्वीकृति वा सहमति प्राप्त गरेमा गाभिएको वा प्राप्त गरेको मितिदेखि गाभिने वा लक्षित संस्थाको सम्पूर्ण जायजेथा तथा दायित्व गाभ्ने संस्था वा प्राप्त गर्ने संस्था (एक्वायरर) मा सर्नेछ । यसरी गाभ्दा वा प्राप्ति (एक्विजिशन) गर्दा गाभिने वा लक्षित संस्थाको नाममा रहेको कुनै पनि जग्गा जमीन वा जग्गा जमीनमा रहेको हक वा उक्त संस्थाको कुनै अन्य संस्थामा रहेको लगानी, हक वा शेयर भए सो समेत गाभ्ने वा नयाँ संस्था वा प्राप्त गर्ने संस्था (एक्वायरर) को स्वामित्वमा सार्न सो सम्बन्धी प्रचलित कानून बमोजिम त्यस्तो काम कारवाही गर्ने निकाय वा अधिकारी समक्ष पठाउनु पर्नेछ । गाभिने वा लक्षित संस्थाको नाममा कुनै सम्पत्ति तथा दायित्व वा व्यवसाय मुलुक बाहिर रहेको भएमा त्यस्तो सम्पत्ति तथा दायित्व वा व्यवसाय रहेको मुलुक र नेपाल राज्यबीच त्यस्तो आदेश वा निर्णय कार्यान्वयन सम्बन्धी कुनै सम्झौता भएको भए सो बमोजिमको त्यस्तो आदेश वा निर्णय स्वतः कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(३) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुबीच भएको सम्झौता वा सो सम्झौताको कुनै व्यवस्था प्रभावित भएमा वा प्रभावित हुने देखिएमा सम्बन्धित संस्थाले आफ्नो जानकारीमा आएका सम्पूर्ण विवरण समावेश गरी राष्ट्र बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(४) राष्ट्र बङ्कले इजाजतपत्रप्राप्त संस्थाहरुको गाभ्ने गाभिने तथा प्राप्ति (एक्विजिशन) गर्ने कार्यको अनुगमन गर्नेछ । अनुगमनका क्रममा सम्बन्धित संस्थामा नै गई वा सो संस्थाका पदाधिकारीहरुलाई राष्ट्र बैङ्कमा बोलाएर गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) को कार्य, प्रक्रिया, सम्झौता, राष्ट्र बैङ्कको

---

☝ प्रथम संशोधनद्वारा थप ।

निर्देशनको कार्यान्वयन तथा प्रचलित कानूनको पालना सम्बन्धमा आवश्यक सुझाव वा निर्देशन दिन सक्नेछ ।

(५) यस विनियमावली बमोजिम गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुबीच तय भएको शेयर स्वाप अनुपात (Share Swap Ratio) बमोजिम सम्बन्धित सबै शेयरधनीहरुको शेयर लगत कायम गर्नु पर्नेछ ।

(६) इजाजतपत्रप्राप्त संस्थाहरु गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् एउटै सफ्टवेयरबाट एकीकृत कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै, संयुक्त कारोबार गरेको मितिको एकीकृत वित्तीय विवरणहरू तयार गरी बैङ्क तथा वित्तीय संस्था नियमन विभाग, सम्बन्धित सुपरिवेक्षण विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य सम्बन्धित निकायहरूलाई जानकारी दिनु पर्नेछ । ✂......✂

(७) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुले वित्तीय कारोबार गर्ने सक्कल इजाजतपत्र एकीकृत कारोबार सञ्चालन गर्नुपूर्व राष्ट्र बैङ्क समक्ष पेश गर्नु पर्नेछ । राष्ट्र बैङ्कले गाभ्ने वा प्राप्त गर्ने संस्था (एक्वायरर) को वित्तीय कारोबार गर्ने इजाजतपत्रमा आवश्यक संशोधन गर्नेछ । गाभिने वा लक्षित संस्थाको इजाजतपत्र गाभिएको वा प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भएको दिनदेखि स्वतः रद्द हुनेछ ।

(८) गाभ्ने गाभिने संस्थाका साविकका सञ्चालकहरुको कार्यकाल गाभिएको दिनदेखि स्वतः समाप्त हुनेछ र गाभिएको मितिदेखि अन्तिम सम्झौता-पत्रमा उल्लेख भए बमोजिमको सञ्चालक समिति गठन हुनेछ । गाभिएपछि सम्पन्न हुने पहिलो वार्षिक साधारण सभाबाट निर्वाचनको माध्यमबाट सञ्चालक समितिको पुनर्गठन गर्नु पर्नेछ । प्राप्ति (एक्विजिशन) को सन्दर्भमा प्राप्त गर्ने र लक्षित संस्थाबीच भएको सहमति बमोजिमको सञ्चालक समिति कायम रहन सक्नेछ । गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) पश्चात् कायम रहने संस्थामा सञ्चालक समितिको गठन ऐनको दफा १२ र १३ मा भएको व्यवस्था बमोजिम गर्नु पर्नेछ ।

☝तर, गाभ्ने/गाभिने कार्य सम्पन्न गरी वार्षिक साधारण सभा नहुँदै पुनः अर्को इजाजतपत्रप्राप्त संस्थासंग गाभ्ने/गाभिने वा प्राप्तिको सहमति गरी गाभ्न/गाभिन वा प्राप्तिको लागि निवेदन दिएका इजाजतपत्रप्राप्त संस्थाले पछिल्लो गाभ्ने/गाभिने वा प्राप्तिको कार्य सम्पन्न भएपछिको पहिलो वार्षिक साधारण सभाबाट सञ्चालक समितिको निर्वाचन गर्न वाधा पुग्ने छैन ।

(९) गाभिएर कायम भएको संस्थामा लागु हुने कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली तथा कर्जा अपलेखन विनियमावली राष्ट्र बैङ्कको स्वीकृतिको लागि पुनः पेश गर्नु पर्नेछ । साथै, अन्य नीति, नियम, कार्यविधि, निर्देशिका, विनियमावलीहरु आवश्यकतानुसार परिमार्जन गरी गाभिएर कायम भएको संस्थाको सञ्चालक समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ । प्राप्ति (एक्विजिशन) को सन्दर्भमा भने अन्तिम सम्झौता-पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

(१०) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाका कर्मचारीहरुले साविकमा खाइपाई आएको तलब, भत्ता तथा सुविधा नघट्ने गरी पदमिलान गर्नु पर्नेछ ।

(११) गाभिने वा लक्षित संस्थालाई राष्ट्र बैङ्कबाट निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा दिइएका सबै निर्देशनहरु गाभ्ने वा प्राप्त गर्ने संस्था (एक्वायरर) ले तोकिएको समयभित्र कार्यान्वयन गर्नु पर्नेछ ।

---

☝ प्रथम संशोधनद्वारा थप ।

✂......✂ पाँचौ संशोधनद्वारा हटाइएको ।

(१२) विनियम ११ बमोजिम गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि स्वीकृति प्राप्त गरेका संस्थाहरुले डाटा माइग्रेसन कार्य सम्पन्न गर्न एकीकृत कारोबार गर्ने अघिल्लो दिन कारोबार बन्द गर्नुपर्ने भएमा सोको अग्रीम जानकारी राष्ट्र बैंकलाई दिई सर्वसाधारणलाई सूचित गर्नु पर्नेछ । तर एक दिन भन्दा बढी कारोबार बन्द गर्नुपर्ने अवस्थामा राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिएर मात्र कारोबार बन्द गर्न सक्नेछन् ।

(१३) प्रचलित कानून तथा राष्ट्र बैंकको निर्देशनको प्रतिकूल हुने अवस्थामा बाहेक सम्बन्धित संस्थाहरुले विनियम १० बमोजिम गरिएको अन्तिम सम्झौताको पूर्ण पालना गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## छुट सम्बन्धी व्यवस्था

१३ **गाभ्ने गाभिने तथा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुलाई प्रदान गरिने छुटहरु** : (१) गाभ्ने गाभिने तथा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुलाई राष्ट्र बैङ्कले आवश्यकता अनुसार देहाय बमोजिमका छुटहरु प्रदान गर्न सक्नेछ :-

(क) गाभिंदा वा प्राप्ति (एक्विजिशन) का कारण पूँजी संरचनामा हुन आउने परिवर्तनमा प्रचलित कानून बमोजिम हुने गरी पूँजी संरचना कायम गर्न ।

(ख) गाभिंदा वा प्राप्ति (एक्विजिशन) का कारण कुनै संस्थापकको शेयर स्वामित्व प्रतिशत तोकिएको अधिकतम भन्दा बढी हुन गएमा सोलाई बढीमा दुई वर्षको समयावधिभित्र सीमाभित्र ल्याउन ।

(ग) गाभिंदा वा प्राप्ति (एक्विजिशन) का कारण साविकमा प्रवाह भईसकेको नियमित कर्जा रकम राष्ट्र बैङ्कको निर्देशन विपरीत हुनसक्ने अवस्था सृजना हुन गएमा सो अवस्थालाई भुक्तानी अवधि वा तीन वर्ष जुन अघि हुन्छ सो सम्मको समयावधिमा नियमित गर्न ।

(घ) ✍गाभ्ने/गाभिने वा प्राप्ति (एक्विजिशन) का कारण संस्थाको कर्जा निक्षेप अनुपात (CD ratio) तोकिएको सीमाभन्दा माथि गएमा राष्ट्र बैङ्कको निर्देशन बमोजिम हुने गरी गाभिएको वा प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भएको बढीमा दुई वर्षभित्र तोकिएको सीमाभित्र ल्याउन ।

(ङ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुका एक प्रतिशत भन्दा बढी संस्थापक शेयर धारण गरेका संस्थापक वा संस्थापक समूहका शेयरधनीहरूले आफूले धारण गरेको संस्थापक शेयर धितो राखी लिएको कर्जा बढीमा तीन वर्षभित्र तोकिएको सीमाभित्र ल्याउन ।

(च) गाभिंदा वा वा प्राप्ति (एक्विजिशन) को वखत राष्ट्र बैङ्कले तोकेको विपन्न वर्ग कर्जा सम्बन्धी व्यवस्था पूर्ण रुपले पालना हुन नगएमा बढीमा तीन वर्षको समयावधिभित्र त्यस्तो व्यवस्थाको पूर्ण पालना गर्न ।

---

✍ पाँचौ संशोधनद्वारा मिलाइएको ।

(छ) ✍२०७५ माघ १ गते पश्चात प्रादेशिकस्तरका वित्तीय संस्थाहरु गाभिएर राष्ट्रियस्तरमा परिणत हुने वा त्यस्ता संस्थाहरुसँग गाभिने वा त्यस्तो संस्थालाई प्राप्ति (एक्विजिशन) गर्ने राष्ट्रियस्तरका बैंक तथा वित्तीय संस्थाले काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिका बाहेकको स्थानमा यस बैंकको स्वीकृति लिई एक शाखा कार्यालय खोल्न सक्नेछन् ।

(ज) गाभिंदा वा प्राप्ति (एक्विजिशन) गर्दा राष्ट्र बैङ्कबाट जारी गरिएको लगानी सम्बन्धी निर्देशन बमोजिम कुनै एक संगठित संस्थाको शेयर तथा डिबेन्चरमा लगानी गर्ने सीमा भन्दा बढी भएमा सो लगानीलाई बढीमा दुई वर्षको समयावधिभित्र तोकिएको सीमाभित्र ल्याउन ।

(झ राष्ट्र बैङ्कले माथिल्लो वर्ग/कार्यक्षेत्रको लागि तोकेको न्यूनतम चुक्ता पूँजी पूरा गरी माथिल्लो वर्ग/कार्यक्षेत्रको संस्थामा स्तरोन्नतिका लागि आवेदन गरेमा आवश्यक प्रक्रिया तथा पूर्वाधार तयार भएको आधारमा स्तरोन्नति/कार्यक्षेत्र विस्तार गर्न । साथै, राष्ट्र बैङ्कबाट समस्याग्रस्त घोषणा गरिएको माथिल्लो वर्गको कुनै इजाजतपत्रप्राप्त संस्थालाई सोभन्दा तल्लो वर्गको कुनै इजाजतपत्रप्राप्त संस्थाले प्राप्ति (एक्विजिशन) गरी साविकको तल्लो वर्ग मै रहन चाहेमा सो बमोजिम तल्लो वर्गको संस्था कायम रहन ।

(ञ) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्यबाट संस्थाको कर्मचारी सुविधा तथा प्रमुख कार्यकारीको पारिश्रमिक सम्बन्धी व्यवस्थामा कुनै बाधा उत्पन्न भएमा सो बाधा फुकाउन तथा विद्यमान कर्मचारीका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने योजनाहरुलाई कार्यान्वयन गर्न ।

(ट) गाभिएको वा प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भएको बढीमा तीन वर्षको अवधिसम्म राष्ट्र बैङ्कले प्रदान गर्ने सामान्य पुनर्कर्जा सुविधामा प्रचलित व्याजदरमा एक प्रतिशत विन्दुले घटाई छुट कायम गर्न ।

(ठ) गाभिएको वा प्राप्ति (एक्विजिशन) को कारणले निष्कृय कर्जा अनुपात बढ्न गएको स्थितिमा पनि अवस्था हेरी राष्ट्र बैङ्कले तोकेका वित्तीय पहुँच न्यून रहेका जिल्लाहरुमा शाखा कार्यालय खोल्न ।

(ड) गाभिएको वा प्राप्ति (एक्विजिशन) को कारण प्रमुख कार्यकारी अधिकृत वा कर्मचारीले तोकिएको सीमाभन्दा बढी शेयर धारण हुन गई पदमा बहाल रहन योग्य नहुने स्थिति सृजना भएमा समेत बाँकी कार्यकाल वा सेवा अवधि पूरा गर्न ।

(ढ) यस विनियमावली बमोजिम सैद्धान्तिक सहमति प्राप्त गरेका संस्थाका सञ्चालकहरुको तोकिएको कार्यकाल समाप्त भई निर्वाचन गर्नुपर्ने अवस्था भएतापनि गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् प्रचलित कानून बमोजिम पुनः निर्वाचन नभएसम्मको अवधिको लागि सञ्चालक पदमा बहाल रहन ।

(ण) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थामा साविकमा कायम रहेको भिन्न ब्याजदरका कारण हुन आउने ब्याजदर अन्तरलाई राष्ट्र बैङ्कले तोकेको समयावधिभित्र तोकिएको सीमाभित्र ल्याउन ।

---

✍ चौथो संशोधनद्वारा संशोधित ।

(त) राष्ट्रियस्तर बाहेकका इजाजतपत्रप्राप्त संस्थाहरु एक आपसमा गाभ्ने गाभिने वा एकले अर्कोलाई प्राप्ति (एक्विजिशन) गर्ने अवस्थामा गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरुको विद्यमान कार्यक्षेत्रभित्र पर्ने कारोबार विस्तार नभएको कुनै जिल्ला छोड्दा वा हाल कारोबार रहेको भएतापनि विनियम ११ बमोजिम अन्तिम स्वीकृतिको निवेदन पेश गर्नुपूर्व छाड्ने जिल्लामा कारोबार नरहने व्यवस्था मिलाई बाँकी रहेका जिल्लाहरुका आधारमा कार्यक्षेत्र कायम गर्न माग भई आएमा ती जिल्लाहरु भौगोलिक रुपले जोडिने अवस्थामा सो बमोजिम कार्यक्षेत्र कायम गर्न ।

(थ) समस्याग्रस्त घोषणा गरिएका संस्थालाई प्राप्ति (एक्विजिशन) गर्ने इजाजतपत्रप्राप्त संस्थालाई राष्ट्र बैङ्कले औचित्यता हेरी तोकेका अन्य छुटहरु ।

(द) ✍कम्तीमा ५ वटा "घ" वर्गका वित्तीय संस्थाहरु गाभिएर वा प्राप्ति गरेर राष्ट्रियस्तरको "घ" वर्गको वित्तीय संस्था स्थापना भएमा वा कुनै "घ" वर्गको वित्तीय संस्थाले हकप्रद सेयर जारी नगरी रु. १ अर्बभन्दा बढी चुक्ता पुँजी पुरा गरेमा काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिका भन्दा वाहिरको क्षेत्रमा यस बैंकको स्वीकृति लिई कर्पोरेट कार्यालय र दुईवटा शाखा कार्यालय स्थापना गर्न सक्नेछन् ।

(ध) ✍कुनै दुई वा सो भन्दा बढी बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने वा प्राप्ति भई एउटा संस्था बनेको कारणले कुनै सञ्चालकको संस्थापक तथा सर्वसाधारण दुवै समुहको सेयर स्वामित्व कायम हुन गएमा त्यस्तो सञ्चालकको हकमा बाँकी कार्यकाल पुरा गर्नलाई वाधा पुगेको मानिने छैन । साथै, कार्यकाल पुरा भएपछि सोही समूहमा रही थप एक कार्यकाल सञ्चालकमा रहन सक्नेछन् ।

(२) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) कार्यलाई प्रोत्साहन गर्न गाभिएको वा प्राप्ति (एक्विजिशन) को कारणले कुनै सम्पत्तिमा नोक्सान हुन गएमा सो नोक्सानमा कर छुट, अन्य कर सम्बन्धी छुट तथा नेपाल सरकारबाट हुन सक्ने अन्य छुटका लागि राष्ट्र बैङ्कले नेपाल सरकार समक्ष आवश्यक सिफारिस गरिदिन सक्नेछ ।

## परिच्छेद - ५

## गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) को निर्देशन सम्बन्धी व्यवस्था

१४ **गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) को निर्देशन** : देहायका कुनै पनि अवस्थामा राष्ट्र बैङ्कले संस्था तोकी वा नतोकी इजाजतपत्रप्राप्त संस्थाहरुलाई गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि निर्देशन दिन सक्नेछ :-

(क) एकै समूहका व्यक्ति, फर्म, कम्पनीका एक भन्दा बढी संस्थाहरु सञ्चालनमा रही अस्वस्थ वित्तीय सम्बन्ध कायम रहेको अवस्थामा ।

(ख) तीन आर्थिक वर्षसम्म लगातार कुल कर्जामा निष्कृय कर्जाको अनुपात पाँच प्रतिशत भन्दा बढी कायम रही रहेको अवस्थामा ।

(ग) तीन पटक वा सो भन्दा बढी शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ बमोजिमको कारवाही भएको अवस्थामा ।

(घ) ऐनको दफा ३७ को उपदफा (१) बमोजिमका कार्यहरु भए गरेको अवस्थामा ।

(ङ) प्रणालीगत जोखिम (Systemic Risk) बढ्दै गई दायित्व भुक्तानी गर्न सक्षम नभएको अवस्थामा ।

---

✍ चौथो संशोधनद्वारा थप ।

(च) यथास्थितिमा सञ्चालनमा रहँदा त्यसको नकारात्मक प्रभावले समग्र वित्तीय प्रणालीमा प्रतिकूल असर पर्ने देखिएको अवस्थामा ।

(छ) प्रणालीगत महत्वका संस्थाहरु गाभ्दा गाभिंदा वा प्राप्ति (एक्विजिशन) गर्दा समग्र वित्तीय प्रणाली सुदृढ हुने देखिएको अवस्थामा ।

(ज) गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति वा अन्तिम स्वीकृति प्राप्त गरिसकेको अवस्थामा कुनै मनासीव कारण बिना सो गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) को प्रक्रियाबाट अलग हुन वा गराउन खोजेको अवस्थामा ।

## परिच्छेद - ६

## विविध व्यवस्था

**१५** **विविध :** (१) विद्यमान पूँजी संरचना समेत परिवर्तन गरी एक आपसमा गाभ्न गाभिन वा एकले अर्कोलाई प्राप्ति (एक्विजिशन) गर्न सैद्धान्तिक सहमति पाउँ भनी प्रस्तावित कार्ययोजना सहित निवेदन दिएका संस्थाहरुले प्रचलित कानूनी व्यवस्था अनुसार पहिले पूँजी संरचना परिवर्तन सम्बन्धी प्रस्ताव उपरको कारवाहीको अन्तिम टुंगो लगाएपछि मात्र गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) को अन्तिम स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) कुनै संस्था अर्को कुनै संस्थासँग गाभ्दा गाभिंदा वा एक संस्थाले अर्को संस्थालाई प्राप्ति (एक्विजिशन) गर्दा आंशिक रुपमा गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) गर्न पाइने छैन ।

(३) गाभ्ने वा प्राप्त गर्ने संस्था (एक्वायरर) ले गाभिने वा लक्षित संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) यस विनियमावली बमोजिम गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्राप्त गरेपछि वा अन्तिम स्वीकृति प्राप्त गरेपछि ऐन तथा यस विनियमावली बमोजिम गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको वा प्रचलित कानुन अनुसार त्यस्तो कार्य नगरेको वा ऐन तथा यस विनियमावली बमोजिम राष्ट्र बैङ्कको स्वीकृति लिएर गर्नुपर्ने कार्य स्वीकृति नलिई गरेको वा विशेष परिस्थिति देखिएको अवस्थामा राष्ट्र बैङ्कले यस विनियमावली बमोजिम दिइएको स्वीकृति बदर गर्नुपर्ने भएमा सो गरी त्यस्ता संस्थाका पदाधिकारीहरुलाई नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १०० अनुसारको कारबाही गर्न, आधारभूत शेयरधनीहरुलाई शेयर खरिदबिक्री तथा हक हस्तान्तरणमा रोक लगाई त्यस्तो संस्थाको सञ्चालक हुन अयोग्य (Disqualified) मान्न र त्यस्तो संस्थालाई राष्ट्र बैंङ्कले गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियामा सामेल हुन निश्चित अवधिसम्म रोक लगाउन सक्नेछ । साथै, त्यस्तो संस्थालाई ३ बर्षसम्म थप शाखा कार्यालय खोल्न वा यस बैङ्कले प्रदान गर्ने सुविधाहरु प्राप्त गर्न वा दुवैमा रोक लगाउन सक्नेछ ।

(५) कुनै इजाजतपत्रप्राप्त संस्थाबाट गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) को सिलसिलामा कुनै गलत कामकारबाही भएको पाइएमा वा गरेमा त्यस्तो गलत कामकारबाही गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(६) यो विनियमावली सरकारी, अर्धसरकारी, वैदेशिक सहभागिताका तथा निजी क्षेत्र सबै किसिमका इजाजतपत्रप्राप्त संस्थालाई लागु हुनेछ ।

(७) यस विनियमावलीमा उल्लिखित छुट तथा सहुलियतहरु गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् कायम रहने संस्थालाई मात्र प्राप्त हुनेछ ।

(८) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रयोजनका लागि कर्मचारीहरुको व्यवस्थापन गर्न स्वेच्छिक अवकाश योजना लागु गर्दा प्रदान गरिने अवकाश रकम सबै तहका कर्मचारीलाई न्यायसंगत हुने गरी मात्र तय गर्नु पर्नेछ ।

(९) स्वेच्छिक अवकाश लगायत अन्य सम्पूर्ण खर्चहरुको छुट्टै फाँटवारी गाभिएर वा प्राप्ति (एक्विजिशन) पश्चात् कायम भएको संस्थाले तयार गरी एकीकृत वित्तीय कारोवार संचालन गरेको मितिले एक महिनाभित्र बैङ्क तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(१०) गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) मा संलग्न संस्थाहरु बीच कुनै विवाद परेमा राष्ट्र बैङ्कले ऐनको दफा ७८ बमोजिम त्यस्तो विवाद समाधान गर्न मध्यस्थता गर्न सक्नेछ र यस्तो मध्यस्थताको सम्बन्धमा राष्ट्र बैङ्कले दिएको निर्णय अन्तिम हुनेछ ।

(११)✍ गाभ्ने गाभिने तथा प्राप्ति प्रयोजनका लागि शेयर कारोवारको रोक्का तथा फुकुवा नेपाल धितोपत्र बोर्डले गरेको व्यवस्था बमोजिम हुनेछ ।

१६ **बाधा अडकाउ फुकाऊ** : यस विनियमावली बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउलाई समितिले फुकाउन सक्नेछ ।

१७ **खारेजी तथा बचाऊ** : (१) साविकका "बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८ (प्रथम संशोधन २०६९)" र "बैङ्क तथा वित्तीय संस्था प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७०" खारेज गरिएको छ ।

(२) उपविनियम (१) बमोजिम खारेज भएका विनियमावलीहरु बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही तथा निर्णयहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

(३) यो विनियमावली लागु हुनु अगावै गाभ्न गाभिन वा प्राप्ति (एक्विजिशन) का लागि सैद्धान्तिक सहमति प्राप्त गरी अन्तिम स्वीकृतिको लागि निवेदन पेश गरेका इजाजतपत्रप्राप्त संस्थाहरुको गाभ्ने गाभिने वा प्राप्ति (एक्विजिशन) प्रक्रियाको बाँकी कामकारबाही तथा निर्णयहरु साविकका विनियमावलीहरुको आधारमा गर्न/गराउन यस विनियमावली बमोजिम बाधा पुगेको मानिने छैन ।

---

✍ पाँचौ संशोधनद्वारा थप गरिएको ।

♦♦♦

**अनुसूची १**

श्री नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय
बैङ्क तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।

**बिषय : <u>गाभ्न/गाभिन सैद्धान्तिक सहमति पाऊँ ।</u>**

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको .................................... बैङ्क/वित्तीय संस्था, विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको .................. बैङ्क/वित्तीय संस्था र विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको ................ बैङ्क/वित्तीय संस्था बिच गाभ्न/गाभिन सहमति भएकोले सैद्धान्तिक सहमति पाउन त्यस बैङ्कको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.......संलग्न छन् ।

| भवदीय, | भवदीय, | भवदीय, |
|---|---|---|
| ........................................... | ........................................... | ........................................... |
| (गाभ्ने संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (गाभिने संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (गाभिने संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| टेलिफोन नं : | टेलिफोन नं : | टेलिफोन नं : |
| फ्याक्स नं. : | फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल ठेगाना : | इमेल ठेगाना : | इमेल ठेगाना : |
| मितिः | मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः | संस्थाको छापः |

**अनुसूची २**

श्री नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय
बैङ्क तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।

**बिषय : <u>इजाजतपत्रप्राप्त संस्था प्राप्ति (एक्विजिशन) को लागि सैद्धान्तिक सहमति पाउँ ।</u>**

महोदय,

प्रचलित कम्पनी ऐन बमोजिम पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको .................................... बैङ्क/वित्तीय संस्था, विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको .................. बैङ्क/वित्तीय संस्थाले विगत ... वर्ष देखि वित्तीय कारोवार संचालन गर्दै आएको ................ बैङ्क/वित्तीय संस्थालाई प्राप्ति (एक्विजिशन) गर्ने सहमति भएकोले त्यस बैङ्कको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं ।

आवश्यक कागजात थान.......संलग्न छन् ।

| | | |
|---|---|---|
| भवदीय, | भवदीय, | भवदीय, |
| .......................................... | .................................. | ................................ |
| (प्राप्त गर्ने संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (लक्षित संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) | (लक्षित संस्थाको तर्फबाट आधिकारिक व्यक्ति) |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः | संस्थाको नामः |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| टेलिफोन नं : | टेलिफोन नं : | टेलिफोन नं : |
| फ्याक्स नं. : | फ्याक्स नं. : | फ्याक्स नं. : |
| इमेल ठेगाना : | इमेल ठेगाना : | इमेल ठेगाना : |
| मितिः | मितिः | मितिः |
| संस्थाको छापः | संस्थाको छापः | संस्थाको छापः |